# सिस्ने शिक्षा क्याम्पस

## रूकुमकोट, रूकुम पूर्व

स्थापनाः वि.सं.२०६४

## वार्षिक प्रगति प्रतिवेदन

## २०७९/०८०

## सारसंक्षेप

त्रिभुवन विश्वविद्यालयवाट सम्वन्धन प्राप्त गरि वि.स. २०६४ सालमा स्थापित यस श्री सिस्ने शिक्षा क्याम्पस रुकुम पूर्व, समुदायद्वारा सञ्चालित रुकुम पूर्व जिल्लाको एकमात्र उच्च शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाको रुपमा सञ्चालनमा रहेको छ । हाल यस क्याम्पसमा चार वर्षे वि.एड. कार्यक्रम अन्तर्गत अङ्ग्रेजी, नेपाली, स्वास्थ्य र जनसंख्या शिक्षा तथा एम. एड. कार्यकम अन्तर्गत सेमेष्टर प्रणालीमा नेपाली, स्वास्थ्य र शैक्षिक योजना तथा व्यवस्थापन विषयमा पठनपाठन सञ्चालन भैराखेको छ । यस क्याम्पसमा शैक्षिक वर्ष ०८०/०८१ मा वि.एड. तहका सबै खण्ड र एम. एड. प्रथम र दोस्रो सेमेष्टर गरेर जम्मा ८१ जना महिला, २६३ जना शैक्षिक रुपले पछाडी परेका दलित तथा जनजाती तथा अन्य समुदायका छात्रछात्राहरुसमेत गरि जम्मा ३४५ जना छात्रछात्राहरु अध्ययनरत रहेका छन् । यसमध्ये स्नातकोत्तर तह एम. एड. प्रथम र दोस्रो सेमेस्टरमा मात्र  जम्मा ६४ जना छात्रछात्राहरु अध्ययनरत रहेका छन ।

कोभिड महामारीका कारण समयमै परीक्षा सञ्चालन हुनसकी हालसम्म २०७९ सालमा सञ्चालीत सबै परीक्षाका नतिजाहरु प्रकाशन भैसकेका छैनन् । हालसम्मको पछिल्लो परीक्षा नतिजा अनुसार परीक्षामा सहभागी छात्रछात्राहरु मध्ये जम्मा ९६ जना उत्तिर्ण रहेका छन । जसअन्तर्गत २० जना महिला र ६६ जना शैक्षिक रुपले पछाडी परेका दलित र जनजाती समुदायका छात्रछात्राहरु रहेका छन । भौतिक सुबिधा तर्फ हेर्दा क्याम्पसको २६६० वर्ग मिटर क्षेत्रफलको जग्गा रहेको छ । ३ वटा पक्की भवनहरुमा पठनपाठन तथा प्रशासनिक कार्यहरु सञ्चालन भैरहेका छन । दुइ ओटा भवनहरु निर्माणाधिन अबस्थामा रहेका छन् । क्याम्पसमा खेल मैदान, शौचालय र शुद्ध खानेपानीको धारा रहनुका साथै छेउमै रहेको कमलतालले क्याम्पसको वातावरणलाई मनोरम बनाएको छ ।

शैक्षणिक विधितर्फ हेर्ने हो भने क्याम्पसले व्याख्यान विधिलाई मूख्य शिक्षण बिधिको रुपमा अपनाउनुका साथै अन्य शैक्षणिक विधिहरुको समेत समायानुकूल प्रयोग हुँदै आइराखेको छ । शैक्षिक सामग्रीको रुपमा विभिन्न विषयका विषगत पाठ्यसामाग्रीहरु उपलब्ध रहेको देखिए पनि अन्य आधुनिक शैक्षिक सामाग्रीहरुको अपर्याप्तता रहेको छ ।

क्याम्पसको आन्तरिक स्रोतवाट समेत छात्रवृत्ति प्रदान गरिएको छ । पूर्ण तथा आंशिक शुल्क अन्तर्गत कुल १२२ जना छात्रछात्राहरुलाई छात्रवृत्ति प्रदान गरिएको छ । जसवाट महिला दलित र जनजाति समुदायका छात्रछात्राहरु बढि लाभावान्वित रहेका छन् । आर्थिक तथा सामाजिक रुपले पछाडी परेका समुदायका छात्रछत्राहरुमा उच्च शिक्षाको पहुँच स्थापित गर्न लुम्विनी प्रदेश, युवा, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा विकास निर्देशनालयको छात्रवृत्ति अनुदान सहयोगवाट समेत जेहेन्दार छात्रवृत्ति प्रदान गरिएको छ ।

क्याम्पस र समुदमयको समबन्ध बढाउने सवालमा क्याम्पसमा समाजमा बिशेष योगदान दिएका शिक्षाविद्, बुद्धिजिबी, समाजसेवी, तथा सरोकारवालाहरुको सहभागितामा क्याम्पस सभा मार्फत क्याम्पस सञ्चालक समिति गठन हुने गर्दछ । क्याम्पसले हालसम्म करिव ५०० को सङ्ख्यामा उच्च शैक्षिक जनशक्तिहरु उत्पदन गरिसकेको छ । उक्त जनशक्तिले राज्यका बिभिन्न क्षेत्रमा योगदान पुचाइराखेका छन ।

यस क्याम्पसले बिगतदेखी हालसम्म आर्थिक समस्यालाई प्रमुख समस्याको रुपमा भोग्दै आएको छ । विद्यार्थी भर्ना दर वृद्धि, शिक्षाको गुणस्तर सुधार, शिक्षकहरुको पेसागत क्षमता विकास यस क्याम्पसका अन्य प्रमुख सवालहरु हुन । यी र यस्ता समस्याहरुलाई समाधान गर्न बिद्यार्थी भर्ना सम्बन्धी नीति बनाइ अगाडि बढ्नुपर्ने, शैक्षिक योजनाहरुको निर्माण गरि कार्य गनुपर्ने, शिक्षण सिकाइलाई प्रभावकारी वनाउन कदम चाल्नुपर्ने, शिक्षकहरुको पेशागत क्षमता अभिवृद्धि गर्न तालिम, गोष्ठी, सेमिनार, अन्तरक्रिया जस्ता कार्यक्रमहरु सञ्चालन गनुपर्ने देखिन्छ । त्यस्तै अनुसन्धानमूलक कार्यक्रमहरु सञ्चालनका साथै परीक्षा तथा मूल्याङ्कनलाई व्यवस्थित बनाउन जरुरी देखिन्छ । साथै क्याम्पसमा देखिएका समस्या एवं चुनौतिहरुलाई संवोधन गर्न कार्य योजना बनाई कार्यान्वयनमा लैजानुपर्ने देखिन्छ । क्याम्पसको बार्षिक प्रतिवेदन २०७९/०८० लाई शुक्ष्म रुपले अध्यन गरी कार्यान्वायनमा ल्याउनमा सहयोग गर्न सम्पूर्ण सरोकारवालाहरुमा सिस्ने शिक्षा क्यामपस रुकम पूर्व हार्दिक अनुरोध गर्दछ ।

# <u>विषय सूची</u>

**१.पृष्ठभूमी**

**२. शैक्षिक प्रगति**

२.१ अन्तिम तीन बर्षको विद्यार्थी भर्ना विवरणको विश्लेषण

२.२ अन्तिम तीन बर्षको बिद्यार्थी उत्तीर्ण दर विवरणको विश्लेषण

२.३ अन्तिम तीन बर्षको ग्राजुयट विवरणको विश्लेषण

२.४ कार्यक्रमहरु

२.५ शैक्षणिक बिधि

**३. भौतिक प्रगति**

३.१ विकासका पूर्वाधारहरु

३.२ शैक्षणिक सामग्रीहरु

४. **आर्थिक प्रगति**

४.१ आ. व. ०७९।०८० को आम्दानी तथा खर्च विवरण

४.२ आ. व. ०७८।०७९ र ०७९।०८० को वित्तीय स्थिति विवरण

४.३ अन्तिम तीन वर्षको आर्थिक स्रोत र आय व्ययको विश्लेषण

४.४ अन्तिम तीन वर्षको खर्च विवरणको विश्लेषण

४.५ पुँजीगत खर्च विवरण

४.५ आर्थिक प्रतिबेदनको पुनरावलोकन / लेखा परीक्षणवाट प्राप्त सुझाबहरुको समाधान

**५. सामाजिक प्रगति**

५.१ सामाजिक कार्यमा क्याम्पसको सहभागिता

५.२ क्याम्पसको लागी समाजको योगदान

५.३ सामाजिक योगदानमा क्याम्पसको योजना

५.४ समाजको सहभागिता बढाउन क्याम्पसको योजना

**६. समस्या र समस्या समाधानका उपायहरु**

## १. पृष्ठभूमी

नेपाल राष्ट्रिय शिक्षा योजना आयोगको सिफरिस वमोजिम उच्च शिक्षाको योजनागत विकास अर्न्तगत वि.स.२०१६ मा त्रि. वि. को स्थापना भयो । वि.स. २०२८ सालदेखी त्रि. वि. ले क्याम्पसहरुको प्रशासनिक र आर्थिक उत्तरदायित्व वेहोर्ने गरि आंगिक क्याम्पसको रुपरेखा तयार गरेको देखिन्छ । वि.स.२०३७ सालदेखी त्रि. वि. ले निजी स्तरमा क्याम्पसलाई सम्बन्धन दिन थालेतापनि २०६४ सालमा आएर मात्र यस जिल्लाका अगुवा शिक्षाप्रेमी, समाजसेवी तथा बुद्धिजिवीहरुको भेलावाट त्रिभुवन विश्वविद्यालयवाट सम्वन्धन प्राप्त गरि रुकुमकोट, रुकुम पूर्वमा सिस्ने शिक्षा क्याम्पस स्थापना गर्ने निर्णय भयो । यसै क्रममा वि. स. २०६४ साल भाद्र १९ गते त्रि. वि.बाट सिस्ने शिक्षा क्याम्पस रुकुमकोटको नाममा अस्थायी सम्बन्धन प्राप्त भयो । त्यसपश्चात २०६४ साल मंसिर महिनावाट हालको रुक्मिणी मा.वि. को भवनमा शिक्षाशास्त्र संकाय अन्तर्गत स्नातक तहको पठनपाठन सञ्चालन प्रारम्भ भयो ।

वि.स. २०६४ सालमा रुकुम जिल्लाको अगुवा नेता, शिक्षाप्रेमी, बुद्धिजिवीहरुको संयुक्त प्रयासमा शुरु गरिएको यस सिस्ने शिक्षा क्याम्पस हाल आफ्नै भौतिक पूर्वाधारको विकास गरि सञ्चालनमा रहेको छ । यो क्यामपस स्नातकोत्तर तहसम्म पठनपाठन सञ्चालन हुने देशको दुर्गम हिमाली जिल्ला रुकुम पूर्वमा अबस्थित जिल्लाकै एकमात्र उच्च शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाको रुपमा सञ्चालनमा रहेको छ ।

यस क्याम्पस सञ्चालनका लागि विश्वविद्यालयवाट सम्बन्धन प्राप्त गरेदेखी शैक्षिक तथा भौतिक विकासका विभिन्न क्षेत्रमा विकास एवं स्तरउन्नतीका कार्यहरु सञ्चालन हुदै आइरहेका छन् । जिल्लाको एक मात्र क्याम्पस भएको कारणले जिल्लास्थित शिक्षाप्रेमी, समाजसेवी, अग्रज महानुभावहरुको सक्रियतामा क्याम्पसको समग्र शैक्षिक, भौतिक तथा आर्थिक क्षेत्रमा उल्लेखनीय सुधार एवं प्रगति भइरहेको छ । हाल यस क्याम्पसमा सबै बिषयका पूणकालीन तथा आंशिक बिषयगत प्रध्यापकहरुद्वारा पठनपाठन सञ्चालन भैराखेको छ । विद्यमान छात्रछात्राहरुको लागि आवस्यक व्यवस्थित पुस्तकालय, खेलमैदान, खेलकुद सामग्री, आधुनिक शौचालय, क्याम्पससम्म पुग्ने सडक, पर्खाल, छात्रावास, प्राध्यापक आवास गृह र विभिन्न छात्रवृत्ति लगायतका सेवा सुविधाहरुको विकास तथा गुणस्तर सुधार गनुपर्ने आवश्यकता रहेको छ । क्याम्पले गत शैक्षिक वर्षदेखि स्तानतकोत्तर तहमा पठनपाठन सञ्चालनका लागि त्रिभुवन विश्वविद्यालयवाट सञ्चालन अनुमति प्राप्त गरेको छ । क्याम्पसमा निकट भविश्यमै स्नातक तहमा व्यवस्थापन संकाय थप गरि पठनपाठन सञ्चालन गर्ने योजना रहेको छ ।

## २. शैक्षिक प्रगति

## २.४ कार्यक्रमहरु

**क्याम्पसमा सञ्चालित तह, कार्यक्रम र विषयहरुः**

| तह | कार्यक्रम | सम्वन्धन | पढाइ हुने विषयहरु | स्वीकृति मिति | कक्षा सचालन |
|---|---|---|---|---|---|
| स्नातक | वि.एड. | त्रि. वि. | अंग्रेजी, नेपाली, स्वास्थ्य र जनसंख्या शिक्षा | २०६४/०५/१९ | २०६४/०८/०१ |
| स्नातकोत्तर | एम.एड. | त्रि. वि. | नेपाली, स्वास्थ्य र शैक्षिक योजना तथा व्य. | २०७९/०८/१५ | २०७९/११/१० |

क्याम्पस स्थापनाको १५ वर्षमा यस क्याम्पसले शिक्षा क्षेत्रमा महत्वपूर्ण प्रगति हाँसिल गरेको छ । क्याम्पसले आफ्नो स्थापना कालदेखि हालसम्म निरन्तर रुपले उच्च शिक्षामा शैक्षिक उन्नतिका कार्यक्रमहरु सञ्चालन गरी नतिजा हाँसिल गरेको छ । यस क्याम्पसवाट उत्पादित जनशक्तिहरु विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरुमा कार्यरत रहेका छन् ।

## २.१ अन्तिम तीन वर्षको विद्यार्थी भर्ना विवरणको विश्लेषण:

सिस्ने शिक्षा क्याम्पसमा वि.स. २०७८ ,२०७९ र २०८० सालमा भर्ना भएर नियमित पठनपाठमा संलग्न छात्रछात्राहरुको सङ्ख्यालाई तलको तालिकामा निम्नानुसार प्रस्तुत गरिएको छ:

तालिका न. १. अन्तिम तीन वर्षको विद्यार्थी भर्ना विवरण:

| कार्यक्रम | बर्ष | २०८० | | | २०७९ | | | २०७८ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Female | Educationally Disadvantage | Total | Female | Educationally Disadvantage | Total | Female | Educationally Disadvantaged | Total |
| वि.एड ४ बर्षे. | पहिलो | १३ | ५४ | ७१ | १५ | ३९ | ७१ | १३ | ५३ | ७० |
| | दोस्रो | १४ | ४३ | ५८ | १३ | ५३ | ७० | १९ | ५४ | ७८ |
| | तेस्रो | १९ | ५९ | ७८ | १९ | ५४ | ७८ | १६ | ५५ | ८० |
| | चौथो | २३ | ७२ | ८० | १६ | ५५ | ९५ | १८ | ५८ | ८२ |
| एम एड | प्रथम सेमेस्टर | ४ | १३ | १९ | ९ | २५ | ४३ | | | |
| | दोस्रो सेमेस्ट्र | ८ | २३ | ४० | | | | - | - | - |
| **कुल जम्मा** | | **८१** | **२६३** | **३४५** | **७२** | **२२६** | **३५७** | **६६** | **२२०** | **३१०** |

माथिको तालिका विश्लेषण गर्दा ०८०, ०७९ र ०७८ सालमा भर्ना भई परीक्षामा समेत सामेल भएका तथा यस क्याम्पसमा अध्यनरत विद्यार्थीहरुको सङ्ख्या कमी आएको देखिन्छ । विद्यार्थी भर्ना दरमा निरन्तर गिरावट आउन'का साथै विचमै क्यामपस छाड्ने विदार्थीको संखयामा वृद्धी भएको देखिन्छ । शैक्षिक रुपमा पछाडि परेका विद्यार्थीहरुको भर्ना प्रतिशत समान्य रहेको देखाएको छ । शैक्षिक रुपमा पछाडि परेका समुदाय र तिनका सन्ततिहरुलाई उच्च शिक्षाको मूलधारमा ल्याई शैक्षिक सुधार गर्दै समतामूलक समाजको निर्माणमा सवै सरोकारवाला निकायहरुले जोड दिनुपर्ने देखिन्छ ।

## २.अन्तिम तीन वर्षको विद्यार्थी उत्तीर्ण दर विवरणको बिश्लेषण:

तालिका नं. २ अन्तिम तीन वर्षको नियमित समूह तर्फका छात्रछात्राहरुको उत्तीर्ण दर विवरण:

| कार्यक्रम | बर्ष | २०७८/०७९ | | | २०७७ | | | २०७६ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Female | Educationally Disadvantaged | Total | Female | Educationally Disadvantaged | Total | Female | Educationally Disadvantage | Total |
| वि.एड ४ बर्षे. | प्रथम:०७८,०७७,०७६ | ३ | ९ | १२ | १३ | ३३ | ५३ | ५ | २३ | ३५ |
| | दोस्रो:०७८,०७७,०७६ | १ | २ | ३ | १६ | ३४ | ५० | ११ | ३५ | ४९ |
| | तेस्रो:०७८,०७७,०७६ | १० | २५ | ४२ | १० | १६ | २६ | ८ | २२ | ३३ |
| | चौथो:०७९,०७८,०७७ | ६ | ३० | ३९ | ११ | २७ | ४५ | १० | १५ | ३१ |

| | जम्मा | २० | ६६ | ९६ | ४९ | ९८ | १६९ | ३१ | ९३ | १४० |
|---|---|---|---|---|---|---|---|---|---|---|

(विएड चौथो वर्ष वाहेक २०७९ सालको अन्य वर्षको त्रि.वि.परीक्षाफल यो प्रतिवेदन तयार पार्दाको दिनसम्म प्रप्त भैनसकेको ।)

माथिको तालिकालाई विश्लेषण गर्दा २०७८, २०७७ र २०७६ सालको परीक्षामा उत्तीर्ण हुने छात्रछात्राहरुको सङ्ख्यामा सामान्य कमबेसी भएको देखिन्छ । उत्तिर्ण विद्यार्थीहरुमा सामाजिक आर्थिक रुपले पछाडि परेका जनजाति र दलित समुदाय का छात्रछात्राहरुको संख्या उल्लेख्य रहेको देखिन्छ ।

## २.३ अन्तिम तीन वर्षको ग्राजुयट विवरणको विश्लेषणः

यस क्याम्पसमा अध्ययन गरी विगत तीन वर्षमा वि.एड. तह उत्तीर्ण गरेका छात्रछात्राहरुको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ३ अन्तिम तीन वर्षको ग्राजुयटहरुको विवरणः

| कार्यक्रम | बर्ष | २०७९ | | | २०७८ | | | २०७७ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Female | Educationally Disadvantage | Total | Female | Educationally Disadvantage | Total | Female | Educationally Disadvantaged | Total |
| वि.एड. ४ बर्षे. | 1st,2nd, 3rd&4th | ९ | २१ | ३३ | ९ | ३१ | ४८ | १९ | ३५ | ५४ |
| | जम्मा | ९ | २१ | ३३ | ९ | ३१ | ४८ | १९ | ३५ | ५४ |

माथिको तालिका अनुसार विगत शैक्षिक वर्षको तुलनामा ग्राजुयट हुने विद्यार्थीको संख्यामा सामान्य तलमाथि भएतापनि ग्राजुयट छात्रछात्राहरुको संख्यामा उल्लेख्य गिरावट भएको देखिदैन ।

## २.५ शैक्षणिक विधिः

शिक्षण एक जटिल र चुनौतिपूर्ण कार्य हो । शिक्षण सिकाईमा प्रयोग गरिने विधि प्रविधिले शिक्षण सिकाइको प्रभावकारीता निर्धारण हुने गर्दछ । यस क्याम्पसले विगतदेखि नै विविध खालका शिक्षण विधि, पद्त्ति एवं शैली अपनाई शैक्षणिक क्रियाकलापहरु सञ्चालन गर्दै आइरहेको छ । शिक्षण सिकाइमा प्रयोगमा रहेका विधिहरुमा व्याख्यान विधि, सोधपुछ विधि, सानो परियोजना विधि, समस्या समाधान विधि, अन्वेषन विधि, प्रर्दशन विधि, छलफल विधि आदि मध्ये क्याम्पसले व्याख्यान विधि र छलफल विधिलाई प्रमुख रुपमा प्रयोग गर्ने गरेको छ । शिक्षण सिकाईको विषयगत शिक्षणमा सैद्धान्तिक शिक्षणको आलाव प्रयोगात्मक सिकाई अन्तर्गत प्रोजेक्ट वर्कको रुपमा लघु अनुसन्धान कार्य समेत सञ्चालमा रहेको पाइन्छ ।

यस क्याम्पसले शिक्षण सिकाइलाई थप प्रभावकारी बनाउन सभा, गोष्ठि, स्ट्रमिङ, टिम टिचिङ्ग, सिप्पोजियम, प्रोजेक्ट वर्क जस्ता शिक्षण सिकाइका विधि तथा शैलीहरु भविष्यमा आफ्नो शिक्षण सिकाइमा प्रयोगमा ल्याउन अपरिहार्य देखिन्छ । यस्तै अनुसन्धानमूलक कार्य, सोध कार्य तथा परियोजना विधि, समस्या समाधान, लाईब्रेरी, प्रयोशाला विधिहरुको प्रयोगमा बिशेष जोड दिन जरुरी छ । जुन आंशिक प्रयोगमा रहेपनि प्रभावकारी रुपमा प्रयोगमा आउन सकेको छैन् । क्याम्पसले त्रि.वि.कार्यक्रमसंग मेल खाने वार्षिक कार्यपात्रोको निर्माण र प्रयोग, वार्षिक, मासिक र दैनिक शैक्षिणिक योजना निर्माण गरि शिक्षण सिकाइलाई व्यवस्थित बनाउन अपरिहार्य रहेको छ । शिक्षण सिकाइमा आधुनिक शैक्षणिक सामग्रीहरु,

प्रोजेक्टर, फिल्म स्ट्रीप, स्लाइड आदिको प्रयोग एवं प्रस्तुतिकरणका माध्यमद्वारा शिक्षण सिकाई क्रियाकलापमा प्रभावकारीता ल्याउनु अति जरुरी देखिन्छ । त्यस्तै अभिमुखिकरण कार्यक्रम, माईक्रो टिचिङ्ग, योजनावद्व शिक्षण, शिक्षण नमुनाको प्रयोग, शिक्षण तालिमलाई पनि शिक्षण सिकाई विधिको रुपमा लागु गर्न सके शिक्षण सिकाई अझ प्रभावकारी हुने देखिन्छ । समग्रमा भन्दा यस क्याम्पसले हालसम्म प्रयोगमा ल्याएका विधि, प्रविधिहरु, अपर्याप्त छन् । शिक्षण सिकाइलाई थप प्रभावकारी वनाउन आधुनिक विधिहरुको प्रयोगमा जोड दिई शैक्षिक गुणस्तर कायम गर्नुपर्ने र दक्ष एवं योग्य जनशक्ति उत्पादनमा जोड दिनुपर्ने देखिन्छ ।

## ३. भौतिक प्रगतिः

शैक्षणिक क्रियाकलापहरुमा सरलता र सुगमता ल्याउन भौतिक स्रोत, साधन र सामग्रीको उलेख्य भुमिका रहेने गर्दछ । शैक्षिक क्रियाकलापलाई नियमित, ब्यवस्थित र सुचारु गराउन आवश्यक पर्ने भौतिक साधनको सहि व्यवस्थापन तथा त्यसको उचित एवं उपयुक्त प्रयोग, परिचालन, सदुपयोग र संरक्षणलाई समेत ख्याल गर्नुपर्ने हुन्छ । शैक्षिक व्यवस्थापनको महत्वपूर्ण आधार भौतिक पक्ष भएकोले शैक्षिक कार्यक्रम र क्रियाकलाप सञ्चालनको लागी आवश्यक पर्ने भवन, कक्षा कोठा, खेलमैदान, छात्रावास, शौचालय, क्यान्टिन, स्वच्छ पिउने पानीको व्यवस्था, पुस्तकालय, प्रयोगशाला, बगैंचा, स्वस्थकर वातावरण आदिको प्रर्याप्त रुपमा व्यवस्थापन मिलाउनुपर्ने हुन्छ । शैक्षिक विकासको आधारशिला नै भौतिक विकास भएकोले शैक्षिक संस्थाको भौतिक विकासविना त्यहाँ हुने शैक्षिक गतिविधिहरुमा सुगमता एवं प्रभावकारीता ल्याउन सकिदैन । अतः संस्थाको शैक्षिक विकासको लागी भौतिक साधन स्रोत र सामग्रीको जीवन्त रुपमा खाँचो रहिरहने गर्दछ ।

शैक्षिक विकासका लागि भौतिक स्रोत साधन र सामाग्रीहरु खरिद, निर्माण, मर्मत सम्भार, संरक्षण, सम्बर्धन र विकास गर्न यस क्याम्पसले विगतदेखी नै यसको समय सापेक्ष विकास एवं  विस्तार गरिरहेको छ । हाल यस क्याम्पसमा देहाय बमोजिमका भौतिक विकासका पूर्वाधार, शैक्षणिक तथा कार्यालय व्यवस्थान सामाग्रीहरु रहेका छन्

### ३.१ तलकि नं.१ः विकासका पूर्वाधार  तथा जिन्सी सामाग्रीहरुको विवरणः

| क्र स | भौतिक पूर्वाधार, शैक्षिणक तथा जिन्सी सामाग्रीको विवरण | इकाइ | परिमाण |
|---|---|---|---|
| १ | जग्गा | व. मि. | २६६० |
| २ | शिक्षण तथा प्रशासनिक भवन पक्कि (निर्माणाधिन सहित) | गोटा | ४ |
| ३ | शौचालय पक्कि | गोटा | २ |
| ४ | खाट | गोटा | २ |
| ५ | प्लाष्टिक कुर्ची | गोटा | २२ |
| ६ | दराज | गोटा | ४ |
| ७ | डिस होम | गोटा | १ |
| ८ | कित्ली | गोटा | १ |
| ९ | कम्प्युटर डेस्कटप | गोटा | १६ |
| १० | ल्यापटप | गोटा | २ |

| | | | |
|---|---|---|---|
| ११ | टिभि २८ ईन्च | गोटा | १ |
| १२ | अफिस टेवल | गोटा | ५ |
| १३ | टि टेवल | गोटा | ४ |
| १४ | आराम वेञ्च | गोटा | ४ |
| १५ | ग्यास चुल्हो | गोटा | १ |
| १६ | फिल्टर | गोटा | २ |
| १७ | सोलार २० वाट | गोटा | १ |
| १८ | डेस्क फलामको | गोटा | १०० |
| १९ | वेञ्च फलामको | गोटा | १०० |
| २० | कम्प्युटर र्याक फिक्सड सेट | कोठा | १ |
| २१ | मेन गेट | गोटा | १ |
| २२ | च्यानल गेट | गोटा | ३ |
| २३ | कम्पाउन्डिङ जाली | मिटर | ३०० |
| २४ | प्रिन्टर मेसिन | गोटा | २ |
| २५ | सोफा | सेट | ४ |
| २६ | घुम्ने कुर्सी | गोटा | २ |
| २७ | CCTV क्यामेरा/ एनभिआर / स्विच | गोटा | १०/१/१ |
| २८ | पुस्तक र्याक | गोटा | १० |
| २९ | व्याट्री व्याकअप | गोटा | २ |
| ३० | ईनभर्टर | गोटा | १ |
| ३१ | काठको कुर्सी | गोटा | २ |
| ३२ | घेरावार | मिटर | ३०० |
| ३३ | छात्रावास भवन निर्माणाधिन | गोटा | १ |
| ३४ | व्याडमिन्टन, भलिवल र टेवल टेनिस कोर्ट | गोटा | १/१/१ |
| ३५ | पुस्तक | थान | २५०० |
| ३६ | आबश्य परिमाणमा भलिवल, फुटवल, वास्केटवल, टेवलटेनीस, क्रिकेट, व्याटमिण्टन, हाइजम्प, सटपट, ज्यभ्लिन थ्रो, स्कोर वोर्ड लगाएत खेलकुद सामाग्रीहरु | | |

## ४. आर्थिक प्रगतिः

यस क्याम्पसको आर्थिक पक्षलाई चर्चा गर्नुपर्दा स्थापनाकालदेखी नै यस क्याम्पसमा छात्रछात्रावाट प्राप्त शुल्क नै आम्दानीको मूल श्रोतको रुपमा रहेको छ । बिगत तीन वर्षको आय व्ययको विवरणवाट पनि त्यहि कुरा झल्किन्छ । यसका अलावा विश्वविद्यालय अनुदान आयोगवाट नियिमित तथा भौतिक विकास अनुदान, तथा विभिन्न समयमा लुम्विनी प्रदेस सरकार र सिस्ने गाँउपालिकावाट शैक्षिक तथा भौतिक विकास अनुदान प्राप्त हुने गरेको छ ।

**तालिका नं. २: ०७९।०८० को आम्दानी तथा खर्च विवरणः**

### ४.१ तालिका नं. २: ०७९।०८० को आम्दानी तथा खर्च विवरणः

| आम्दानी तर्फ | | | खर्च तर्फ | | |
|---|---|---|---|---|---|
| क स | विवरण | रकम | क स | विवरण | रकम |
| १. | गत वर्षको वैंक मौज्दात | ९७,४९,०१७.७२ | १. | एम एड सम्बन्धन शुल्क | ५,३०,०००.०० |
| २. | गत वर्षको नगद मौज्दात | १,५६,१७७.०० | २. | छात्रावृत्ति वितरण अनुदान | ५,७५,०००.०० |
| ३. | भवन नि. UGC अनुदान | ४७,५९,६९०.०० | ३. | भवन निर्माण खर्च | ६५,५८,६३९.०० |
| ४. | UGC नियमित अनुदान | १६,४८,४००.०० | ४. | परीक्षा खर्च | १०,०२,५४१.०० |
| ५. | UGC तालिम अनुदान | १,७५,०००.०० | ५. | सूचना प्रकाशन तथा प्रशारण खर्च | ५८,३००.०० |
| ६. | नगद मौज्दात जम्मा पुरानो | २,५०,०००.०० | ६. | परामर्श सेवा खरिद | ७६,२५२.०० |
| ७. | छात्रावृत्ति अनुदान प्रदेश | ५,९०,०००.०० | ७. | कार्यालय व्यवस्थापन खर्च | २८,६०६.०० |
| ८. | वोलपत्र खरिद | ६,०००.०० | ८. | कर दाखिला | ३,०६,३५८.०० |
| ९. | शैक्षिक पूर्वाधार गा पा अनुदान | ५,००,०००.०० | ९. | अभ्यास शिक्षण शुल्क खर्च | १२,३००.०० |
| १०. | भवन निलुम्विनि प्रदेश. | २२,१८,७६५.०० | १०. | फिल्ड तथा वाटो निर्माण | ९७,५१३.०० |
| ११. | भर्ना शुल्क | १०,८३,५००.०० | ११. | स्टेशनरी खर्च | १९,३१५.०० |
| १२. | परीक्षा केन्द्र शुल्क | ५,८८,०८०.०० | १२. | कार्यालय सामग्री खरिद | ३५,३४७.०० |
| १३. | मासिक शिक्षण शुल्क | २०,४२,०००.०० | १३. | मसलन्द खर्च | १७,७४०.०० |
| १४. | प्रयोगात्मक शुल्क | ९५,२७५.०० | १४. | महसुल खर्च | ३६,१७७.०० |
| १५. | त्रि वि सेवा शुल्क | ८२,०००.०० | १५. | क्याम्पस नविकरण खर्च | ३१,०००.०० |
| १६. | त्रिवि रजिष्ट्रेशन शुल्क | ४१,३००.०० | १६. | रुक्मीणी मा वि सापटी फिर्ता | ६,००,०००.०० |
| १७. | अभ्यास शिक्षण शुल्क | २,०३,३४५.०० | १७. | UGC खेलकुद सामग्री खरिद | २,९५,६१०.०० |
| १८. | त्रिवि परीक्षा शुल्क | ८,७७,६४०.०० | १८. | UGC खेलकुद कोर्ट निर्माण | ८,०३,३९३.०० |
| १९. | पोसाक शुल्क | ६३,०००.०० | १९. | भ्रमण खर्च | १,६१,४९०.०० |
| २०. | प्रमाण पत्र शुल्क | ७६,७५५.०० | २०. | तभ खर्च | २३,२३,९४१.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| २१. | एमएड कार्यक्रम शुल्क | ५,२८,८४५.०० | २१. | विद्यार्थि पोसाक खरिद | १,९१,६७६.०० |
| २२. | हल भाडा | २,४५५.०० | २२. | मर्मत सम्भार खर्च | २७,५००.०० |
| २३. | क्याम्पस सदस्य शुल्क | १०,०००.०० | २३. | वैंक सेवा शुल्क कट्टि | ३०८.०० |
| २४.. | स्व वि यु मनोनयन शुल्क | १७,८००.०० | २४. | जग्गा भाडा खर्च | १०,०००.०० |
| २५. | विद्यार्थि कल्याण शुल्क | ४,८००.०० | २५. | विविध कार्यक्रम खर्च | ११,०५९.०० |
| | | ०० | २६. | लेप खर्च | ५०,०००.०० |
| | | | २७. | पुस्तक खरिद | १६,८८३.०० |
| | | | २८. | शुल्क फिर्ता | १९,८१०.०० |
| | | | २९. | च्यानेल गेट निर्माण | ४२,०००.०० |
| | | | ३०. | क्याम्पस सभा खर्च | २५,०५०.०० |
| | | | ३१. | स्ववियू तथा विद्यार्थी कल्याण | २८,६८०.०० |
| | | | ३२. | शिक्षक तालिम सञ्चालन | १,६३,५१०.०० |
| | | | ३३. | क्याम्पस छात्रावृत्ति | १८,६००.०० |
| | जम्मा आम्दानी | २,५७,६९,८४४.७२ | | जम्मा खर्च | १,४१,७४,५९६७५. |
| | मुद्धती | ६,५०,०००. | | वैंक मौज्दात | १,१३,५८,४५२.०६ |
| | | | | नगद मौज्दात | १,७९,३३०.०० |
| | | | | शुल्क उठ्न वाँकि मौज्दात | ५७,४६६.०० |
| | | | | मुद्धती | ६,५०,०००.०० |
| | **सवै जम्मा** | **२,६४,१९,८४४७२.** | | **सवै जम्मा** | **२,६४,१९,८४४७२.** |

**वित्तीय स्थिति विवरण:**

**तालिका नं. ३: आ व ०७८।०७९ र ०७९।०८० को वित्तीय स्थिति विवरण:**

| **पूजी तथा दायित्व** | **३१ आषाढ २०८० सम्मको रु.** | **३१ आषाढ २०७९ सम्मको रु.** |
|---|---|---|
| **१. सञ्चालन तथा वचत पूजी कोष** | १,१५,३७,७८२.१ | ९९,०५,१९४.७२ |
| **२.दायित्वहरु** | | |
| क. स्थिर पुजी | २,९८,११,०८८.०० | २,०८,२७,०८८.०० |
| ख. भुक्तानी गर्न वाँकी | ५०,०००.०० | ० .०० |
| ग. तिर्न वाँकी | ०.०० | ०.०० |
| घ. पुजिंगत अनुदान | ६,५७,५६६.४१ | ७,३८,३९०.०० |
| **जम्मा** | **४,२०,५६,३३५.९७** | **३,१४,७०,६७२.२२** |
| | | |
| **सम्पती तथा मौज्दात** | **३१ आषाढ २०८० सम्मको रु.** | **३१ आषाढ २०७९ सम्मको रु.** |
| **<u>अन्तिम मौज्दात</u>** | | |
| (क) **बैंक मौज्दात** | | |
| १. ने वै ली मुसिकोट | ६१५०९.१२ | ६१५०९.१२ |

| | | |
|---|---|---|
| २. ने वै ली रुकुमकोट | २०,२५,२९३.०० | १०,७४,९७७.०० |
| ३. राष्ट्रीय वाणिज्य वैङ्क | ७०,३९,८८६.८० | ६९,४९,४४०.०० |
| ४. प्रभु वैङ्क लिमिटेड | २२,३१,७६३.१४ | १६,६३,०९.११ |
| ५. वैङ्क मुद्दत्ती | ६,५०,०००.०० | ६,५०,०००.०० |
| (ख) नगद मौज्दात | १,७९,३३०.०० | १,५६,१७७.०० |
| (ग) शुल्क उठ्न वाँकी | ५७,४६५.९१ | ८८,३९०.०० |
| (घ) ऋण लगानी | ०.०० | ०.०० |
| (ङ) अक्षय कोष | ०.०० | ०.०० |
| (च) सम्पत्ती | २,९८,११,०८८.०० | २,०८,२७,०८८.०० |
| (छ) अन्य | ०.०० | ०.०० |
| **जम्मा** | **४,२०,५६,३३५.७९** | **३,१४,७०,६७२.२२** |

गत तीन वर्षको तथ्याङ्क अनुसार यस क्याम्पसका मूख्य आयस्रोतका क्षेत्रहरुमा शिक्षण शुल्क, विश्वविद्यालय अनुदान आयोगवाट प्राप्त अनुदान र अन्य स्रोतवाट प्राप्त आम्दानी निम्नानुसार प्रस्तुत गरिएको छः ।

**गत तीन वर्षको आम्दानी विवरणः**

**तालिका नं. ४: गत तीन वर्षको आम्दानीको तुलनात्मक विवरणः**

| सि.नं. | आम्दानी शिर्षक | आ.व. ०७९/०८० | आ.व. ०७८/०७९ | आ.व. ०७७/०७८ |
|---|---|---|---|---|
| १. | गत आ. व. को मौज्दात | १,०५,५५,१९५/- | ४०,३९,८८९/- | १५,७२,३०७.७७ /- |
| २. | शुल्क | ५७,१६,७९५/- | ५६,४२,६७०/- | ३३,१९,३३०/- |
| ३. | वि.वि.अ.आ. अनुदान | ६५,८३,०९०/- | ५१,८५,०००/- | १४,९४,१७५ /- |
| ४. | गा.पा. अनुदान | ५,००,०००/- | ३,९५,८९९/- | - |
| ५. | प्रदेश सरकार अनुदान | २८,०८,७६५/- | २४,९८,८६०/- | ४६,४४,८६४/- |
| ६. | विविध आम्दानी | २,५६,०००/- | ८,०९०/- | ४३,५१५/- |
| | **कुल जम्मा रु.** | **२,६४,१९,८४५/-** | **१,७७,७०,४०९ /-** | **१,१०,७४,१९१.७७ /-** |

यसवाट प्रत्येक आ.व.मा क्रमिक रुपमा आम्दानी वृद्धि भैरहेको देखिन्छ । पुजिगत अनुदानमा वृद्धी भएको छ भने क्याम्पसको आन्तरिक आम्दानीमा पनि वृद्धी भएको देखिन्छ । गत आ.व.मा **जम्मा** रु. ११५९५२४७.९७/- **सञ्चालन तथा वचत पूजी रहेको ५ छ ।**

**अन्तिम तीन वर्षको खर्च विवरण**

गत तीन आर्थिक वर्षमा यस क्याम्पसमा भएको खर्चको तुनात्मक विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ५: अन्तिम तीन वर्षको चालु खर्चको तुलनात्मक विवरणः**

| क्र.स. | खर्च शिर्षक | आ.व. ०७९/०८० | आ.व. ०७८/०७९ | आ.व. ०७७/०७८ |
|---|---|---|---|---|
| १. | तलब भत्ता | २३,२३,९४१/- | १४,६३,७८९.६/- | १५,६७,३१५/- |
| २. | कार्यलय सम्बन्धी खर्च | ६३,९५३/- | २५,८६०/- | - |
| ३. | छात्रवृत्ति | ५,९३,६००/- | ३,४५,४३०/- | १,८६,४७०/- |
| ४. | मसलन्द, शिक्षण सामाग्री | १७,७४०/- | १,९१,४६०/- | ५५,२७२/- |
| ५. | परीक्षा खर्च | १०,१४,८४१/- | १०,००,४८४/- | ९,१८,८३०/- |
| ६. | लेखापरीक्षण | ५०,०००/- | २५,०००/- | २०,०००/- |
| ७. | सूचना तथा विज्ञापन | ५८,३००/- | ४०,७२५/- | १७,६९१/- |
| ८. | शुल्क फिर्ता | ६,१९,८१०/- | ३४,०२०/- | - |
| ९. | महसुल | ३६,१७७/- | २३,२५५/- | २३,३८८/- |
| १०. | छात्रछात्रा ड्रेस खरिद | १,९१,६७६/- | - | - |
| ११. | कर | ३,०६,३५८/- | ६२,८२०/- | ४६,६९७/- |
| १२. | क्याम्पस नविकरण | ३१,०००/- | ३४,०००/- | - |
| १३. | यात्रा खर्च | १,६१,४९०/- | १,२२,५४५/- | - |
| १४. | एम. एड. सम्वन्धन शुल्क | ५,३०,०००/- | ६५,०००/- | - |
| १५. | पररामर्श सेवा खरिद | ७६,२५२/- | ३६,०००/- | - |
| १६. | स्टेस्नरी तथा छपाई | १९,३१५/- | ६८,३६७/- | - |
| १७. | भाडा तथा विविध | १०,३०८/- | १,६००/- | - |
| १८. | मर्मत सम्भार | २७,५००/- | - | - |
| १९. | पुस्तक खरिद | १६,८८३/- | - | - |
| २०. | तलिम सञ्चालन | १,६३,५१०/- | - | - |
| २१. | विद्यार्थी कल्याण | ३९,७३९/- | - | - |
| २२. | क्याम्पस सभा | २५,०५०/- | - | - |
| २३. | **कुल जम्मा रु.** | **६३,७७,४४२/-** | **३५,४०,३५५.५६/-** | **२९,४७,०६८/-** |

प्रत्येक आ.व.मा क्रमिक रुपमा खर्च वृद्धि भैराखेको देखिन्छ । छात्रवृत्ति रकममा वृद्धि भएर आर्थिक सामाजिक रुपले पछाडी परेका समुदायका छात्रछात्राहरुलाई उच्च शिक्षामा पहुच विस्तार गर्न सहयोग पुगेको देखिन्छ । गत आ व मा विद्यर्थी कल्याण तथा शिक्षक तालिम सञ्चालनमा समेत खर्च भएको देखिछ । यसवाट विद्यार्थी तथा शिक्षकको व्यक्तित्व तथा क्षमता विकासमा सहयोग पुग्न गएको छ ।

## ४.३ पुँजीगत खर्च विवरण

पछिल्ला ३ आ. व.को पुजिगत खर्चको तुलनात्मक स्थिति निम्न अनुसार रहेको छ ।

**तालिका नं. ६: अन्तिम तीन वर्षको पुँजीगत खर्चको तुलनात्मक विवरण:**

| क्र.स. | खर्च विवरण | आ.व. ०७९/०८० | आ.व. ०७८/०७९ | आ.व. ०७७/०७८ |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १. | भैतिक पूर्वाधार निर्माण, मर्मतसंभार, उपकरण खरीद, कार्यालय व्यवस्थापन सामाग्री खरिद, पुस्तक खरिद, कम्प्यूटर ल्याव निर्माण, पुस्तकालय र्‍याक निर्माण, सिसिटिभी र पावर व्यकप खरीद | रु.७७,९७,१५५/- | रु.३६,७६,०५९/- | रु.४७,३९,८०८/- |
| | **जम्मा रु.** | **रु.७७,९७,१५५/-** | **रु.३६,७६,०५९/-** | **रु.४७,३९,८०८/-** |

प्रत्येक आ.व.मा पुजिगत खर्चमा वद्धि भएको् देखिन्छ । यसमा विश्वविद्यालय अनुदान आयोग लगाएत प्रदेश सरकार र स्थानिय सरकारको भौतिक निर्माण अनुदान सहयोगको मुख्य योगदान रहेको छ । पुजिगत स्रोतको प्रभावकारी परीचालनका माध्यमद्वारा क्याम्पसको शैक्षिक तथा भौतिक विकासमा महत्वपूर्ण योगदान पुगेको छ ।

### ४.४ आर्थिक प्रतिवेदनको पुनरावलोकन/लेखा परीक्षणवाट प्राप्त सुझावहरुको समाधानः

अन्तिम लेखापरीक्षण प्रतिबेदनका सुझाव अनुसार प्रत्येक आ.व.मा समयमै कर दाखिला गर्ने गरिएको, नगद कारोवारलाई निरुत्साहित गरिएको छ । आम्दानी तथा खर्चलाई पूर्ण रुपमा वैङ्किङ प्रणालीमार्फत सञ्चालन गरिएको । वाँकी रहन गएको शुल्क असुलउपर गर्ने तर्फ ध्यानाकर्षण भएको छ । लेखापरिक्षणका सुझावहरुलाइ पूर्णत लागु गरिएको छ ।

### ५. सामाजिक प्रगतिः

वि.स. २०६४ भाद्र १९ गते त्रि. वि. वाट सम्बन्धन प्राप्त गरि सञ्चालित यस सिस्ने शिक्षा क्याम्पस रुकुम पूर्व जिल्लाकै एकमात्र उच्च शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाको रुपमा स्थापित भएको छ । हाल यस सिस्ने शिक्षा क्याम्पस रुकुम पूर्वले करिव १५ वर्षको चुनौतीपूर्ण यात्रा पूरा गरिसकेको छ । यस ऐतिहासिक यात्रालाई उत्साहजनक र उपलब्धिमूलक नै मान्नुपर्ने हुन्छ । क्याम्पस आर्थिक दृष्टीले आत्मनिर्भर बन्न निरन्तर प्रयत्नशील रहेको छ । शैक्षिक विश्वास कायम गर्नु तथा गुणस्तरीय शिक्षा प्रदान गर्ने प्रयास निरन्तर रुपमा भैराखेको छ । तथापी यी प्रयासहरु मात्र प्रयाप्त छैनन् । यसलाई पूर्णता दिने कार्य नै आजको आबश्यक्ता र मुख्य चुनौतिको रुपमा रहेको छ ।

### ५. सामाजिक कार्यमा क्याम्पसको सहभागिताः

रुकुम पूर्व जिल्ला नयाँ संविधान निर्माण तथा संघियता कार्यान्वयन र राज्य पुनर्संरचनासंगै स्थापित नयाँ जिल्ला हो । यो आर्थिक, सामाजिक र विकासका सूचकहरुमा पछाडि रहेको विकट हिमाली जिल्ला हो । यस क्षेत्रको समाजिक विकासका खातिर यस क्याम्पसको सहभागिता एवं योगदान महत्वपूर्ण रहेको छ । वि.स. २०६४ सालमा यस क्याम्पसको स्थापना भए पश्चात उच्च शिक्षामा यस क्याम्पसले पु¥याएको योगदान महत्वपूर्ण रहेको छ । जिल्लाको शैक्षिक स्तरलाई माथि उठाउन, साक्षरता प्रतिशत बढाउन, रोजगारीका अवसरहरु सिर्जना गर्न पनि यो क्याम्पसको महत्वपूर्ण योगदान रहेको पाइन्छ । यस क्याम्पसले हालसम्म करिब ५०० को सङ्ख्यामा उच्च शैक्षिक जनशक्तिहरु उत्पादन गरिसकेको छ भने उत्पादित जनशक्तिले राज्यका विभिन्न क्षेत्रमा योगदान गरेको पाइन्छ । क्याम्पसले विभिन्न खालका सामाजिक

समस्या एवं चुनौतिका बिषयहरुमा छात्रछात्राहरु मार्फत लघु अध्ययन, अनुसन्धानहरु तथा प्रकृतिक सम्पदाहरुको सरसफाई एवं वृक्षरोपन तथा वातावरण संरक्षणका कार्यक्रम सञ्चालन गरिराखेको छ भने लुम्बिनी प्रदेश सरकारको सहयोगमा शिक्षकहरुका लागि अनुसन्धान कार्यक्रम सञ्चालन भएका छन् । यसका साथै जिल्ला प्रशासन कार्यालयसंगको समन्वय एवं सहकार्यमा यस क्याम्पसमा अध्ययनरत छात्रछात्राहरुलाई सार्वजनिक सेवा प्रवाहको वारेमा जानकारी प्रदान गर्न तथा स्वयंसेवी तवरले सेवाग्राहीहरुलाई सघाउन जिल्ला प्रशासन कार्यालय, रुकुम पूर्वमा इन्टर्नसिप कार्यक्रम सञ्चालनमा ल्याइएको छ ।

### ५.२ क्याम्पसको लागि समाजले गरेको योगदानः

शहरी इलाकामा अबस्थित रहेका निजी क्याम्पसहरुमा आफ्ना छोराछोरीलाई पढाउन नसकिने अवस्थालाई स्वीकार गरी गरिब तथा पछाडी परेको समुदायमा समेत उच्च शिक्षाको पहुँच पुराउने उद्देश्यले देशको दुर्गम क्षेत्रमा क्याम्पस स्थापना गर्ने काममा चेतनशील नागरिकहरु लागेको पाइन्छ । सामुदायिक क्याम्पस स्थापना र सञ्चालनको कार्यमा जनसहभागिता जुटाउन विभिन्न व्यक्ति, संस्था, तिन तहकै सरकारको समेतको पहलसंगै यस क्याम्पसको विकास अभियानमा समुदायको महत्वपूर्ण साथ तथा सहयोग रहन गयो । जसले गर्दा समुदायमा उच्च शिक्षाको पहुँच विस्तार गर्न सहज हुन गएको छ ।

क्याम्पसका विगतका दिनहरु कठिनाइपूर्ण थिए भन्ने कुरा विगतको अनुभव र क्याम्पसको वर्तमान अवस्थाले स्पष्ट चित्रण गर्दछ । कठिन अबस्था पार गरी आजको अवस्थामा आइपुग्दा अग्रज शिक्षप्रेमीलाई धन्यवाद दिनैपर्ने हुन्छ । हिजो र आजमा अन्तर हुनु स्वभाविक छ । आज सूचना प्रविधि र यातायातको सहज पहुँच विस्तार भइसकेको छ । तर समय हिजोका कठिनाइहरुलाई कल्पनासम्म पनि गर्न नसक्ने अवस्थामा पुगेको छ । हिजो यातायात र सञ्चार को कठिनाई, पढेलेखेका मानिसहरुको कमी, साधन स्रोतहरुको अभाव, स्थानीय तहमा राज्यको लगानी नै नरहेको अवस्थामा उच्च शिक्षा अध्ययन गर्ने शैक्षिक संस्थाको स्थापना गरी सञ्चालन गर्नु ज्यादै नै कठिनाइपूर्ण कार्य हुदाहुँदै पनि दुरदर्शी भविष्यद्रष्टा अग्रजहरुको सक्रियतामा क्याम्पस स्थापना हुनु सह्रानीय कार्य हो । यस महान सामाजिक कार्यलाई अझै शिखरमा पुराउनु नयाँ पिँढिको दायित्व भएको छ ।

### ५.३ सामाजिक योगदानमा क्याम्पसको योजनाः

क्याम्पसले गर्ने प्रमुख सामाजिक योगदानमा समुदायमा रहेका आर्थिक रुपले पिछडिएको वर्ग, क्षेत्र, लिङ्ग, समुदायका गरिव, विपन्न, महिला, दलित, जनजाति, अपाङ्ग लगाएतका छात्रछात्राहरुमा उच्च शिक्षाको पहुँच स्थापित गर्न, क्याम्पस पोशाकमा छुट, शुल्क छुट, छात्रवृत्ति प्रदान लगाएत विभिन्न सहयोग कार्यक्रम सञ्चालन गर्ने गरिएको छ । अधिकतम सामाजिक सहभागिता बढाउने भावि योजनाहरुमा, शैक्षिक जागरण अभियान तथा कार्यक्रमहरु सञ्चालन गर्ने, विद्यालय प्र.अ.हरुसगं गोष्ठी तथा अभिभावकहरुसंग अन्तरक्रिया गर्दै जाने, छात्रावासको ब्यबस्था गर्ने लगाएतका कार्यक्रमहरु सञ्चालन गर्ने, उच्च शैक्षिक संस्थाहरुको भ्रमण आदि रहेको छ ।

### ५.४ समाजको सहभागिता वढाउन क्याम्पसको योजनाः

समाजको सहभागिता वढाउन क्याम्पसले समुदायसंग अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने, वार्षिकउत्सव कार्यक्रम सञ्चालन गर्ने, अभिभावक भेला गर्ने, प्रगति प्रतिवेदन सार्वजनिक गर्ने लगाएतका

कार्यलाई निरन्तरता दिने, सामुदायिक सचेतीकरण अभियान सञ्चालन गर्ने, विद्याथीहरुलाई सामाजिक समस्या केन्द्रीत अनुसन्धान कार्यमा सक्रिय सहभागिता गराउने, लगाएत विभिन्न  कार्यक्रमहरु सञ्चालन गर्ने योजना रहेको छ ।

## ६. समस्या र चुनौति समाधानका उपयाहरुः

अतीतका अनुभववाट शिक्षा लिदै वर्तमानलाई सुन्दर र सम्पन्न भविष्यको निर्माणमा सक्रियतापूर्वक संलग्न हुनुपर्ने चुनौतिहरु हाम्रा सामु विद्यमान छन् । अग्रजहरुको लगानी र मेहेनतका कारण विगतका अप्ठेरा दिनहरुलाई पछाडि धकेल्दै हामी वर्तमान अवस्थामा आइपुगेका छौ । प्राप्त उपलब्धीहरुलाई कायम राख्दै कमजोरीहरुलाई सुधार गर्दै अगाडि बढ्नु आजको आवश्यक्ता रहेको छ । वर्तमानका चुनौतिहरुलाई सामना गर्दै अवसरमा वदल्ने सामुहिक अठोटको पनि जरुरी रहेको छ । क्याम्पसमा देखिएका अल्पकालिन तथा दिर्घकालिन समस्या र चुनौति समाधानका उपायहरु निम्नानुसार प्रस्तुत गरिएको छ ।

### ६.१ समाधानका उपायहरु

१. प्रत्येक शैक्षिक सत्रका लागि विद्यार्थी भर्ना सम्वन्धि नीति निर्माण गरी विद्यार्थी भर्ना बृद्धि गर्नुपर्ने ।

२. प्रत्येक नयाँ शैक्षिक सत्रको शुरुमै शैक्षणिक योजना तयार गरि पठनपाठन सञ्चालन गर्नुपर्ने ।

३. क्याम्पसमा कार्यरत शिक्षक तथा कर्मचारीलाई  प्रोत्साहनको ब्यबस्था गर्नुपर्ने ।

४. पुस्तकालयमा आवश्यक सर्न्दभ सामाग्री र पुस्तकहरुको प्रयाप्त व्यवस्था गर्नुपर्ने ।

५. विद्यार्थीहरुका लागि नियमित अतिरिक्त क्रियाकलाप, आवधिक मूल्याङ्कन र आन्तरिक परीक्षाको व्यवस्था गर्नुपर्ने ।

६. बढि भन्दा बढि विद्यार्थीहरुलाई हित हुने गरी छात्रवृत्ति प्रदान गरिनुपर्ने  ।

७. क्याम्पसको पठनपाठनमा सहयोग पुग्ने खालका पर्याप्त सेमिनार, गोष्ठी तथा प्रवचनहरु सञ्चालन गरिनुपर्ने ।

८. क्याम्पसको आर्थिक तथा भौतिक स्रोत विकासका लागि सहयोगको दायरा बिस्तार गर्नुपर्ने ।

९. छात्रावासको व्यवस्था गर्नुपर्ने ।

१०. शिक्षकहरुलाई थप अध्ययन तथा अनुसन्धान कार्यमा लाग्न प्रोत्साहित गर्नुपर्ने ।

११.विद्यार्थीहरुको प्रयोगात्मक कार्यलाई अनुसन्धानमुखी गर्नुपर्ने ।

१२. क्याम्पसमा चमेनागृहको ब्यव्स्था गर्नुपर्ने,

१३.शिक्षक तथा कर्मचारीलाई अध्ययन विदाको व्यवस्था गर्नुपर्ने ।

१४.पचहत्तर प्रतिशत नियमित हाजिरी पुगेका विद्यार्थीहरुलाई मात्र परीक्षामा सामेल गराउने नीति लिनुपर्ने ।

१५. क्याम्पसमा आवश्यक थप पूणकालीन शिक्षक तथा कर्मचारीहरुको ब्यबस्था गरिनुपर्ने ।

१६. प्रभावकारी शिक्षण सिकाइका लागि थप तालिमको व्यवस्था मिलाउनु पर्ने ।

१७. क्याम्पसको आर्थिक अबस्था बलियो बनाउन थप स्रोतको पहिचान गर्नुपर्ने ।

१८. क्याम्पसको शैक्षिक गुणस्तर बढाउन शिक्षण सिकाईमा नविन शैक्षिक विधि प्रविधिको प्रयोग गरि पठनपाठन कार्य सञ्चालन गनुपर्ने ।

१९. क्याम्पसमा सञ्चालित परीक्षाहरुलाई थप ब्यवस्थित गरिनुपर्ने ।

२०. क्याम्पसमा व्यवस्थापन संकाय थप गर्न तथा विश्वविद्यालयको आंगिक बनाउन पहल गरिनुपर्ने ।

२१. क्याम्पसको दिगो शैक्षिक विकासका लागि स्थानीय सरकारवाट आबश्यक परिमाणमा नियमित शैक्षिक विकास अनुदान प्राप्त हुनुपर्ने ।

अतः क्याम्पसको शैक्षिक, भौतिक तथा आर्थीक अवस्था थप सुदृढ एवं गुणस्तरीय बनाउनका लागि क्याम्पसलाई भरपर्दो आर्थिक स्रोतको दिगो व्यवस्थापन संगै विद्यार्थी भर्ना दर वृद्धि गरि नयाँ विषय, संकाय र तहमा गुणस्तरीय पठनपाठन सञ्चालन गर्न जरुरी रहेको छ । जसवाट सक्षम र दक्ष जनशक्ति विकास हुन गई समाजिक विकासमा योगदान पुग्न जानेछ ।

**हरिकृष्ण गौतम**
**अध्यक्ष, क्याम्पस सञ्चालक समिति**

**तीव्र गौतम**
**क्याम्पस प्रमुख**